नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-५२

## "विवाहको वहानामा VISIT VISA मा चीन पुर्याई मानव बेचबिखन गर्ने महिला पक्राउ"

### पक्राउ अभियुक्तको विवरण :-



**नाम:- सुन्दरी राई**

**उमेर :-३१ वर्ष**

**स्थायी वतन:- जिल्ला उदयपुर त्रियुगा न.पा. वडा नं.०१ जोगीदह ।**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

१. प्रतिवादी सुन्दरी राईले जाहेरवालालाई सामाजिक सञ्जाल Facebook को Messanger मार्फत कुराकानी गरी आफूले चिनियाँ नागरिकसँग विवाह गरेर चिनमा आएको १० बर्ष भयो, चिनमा धेरै राम्रो हुन्छ, तिमी पनि विवाह गरेर चिनमा आउँ, विवाह गर्ने केटासँग मेरो चिनजान रहेको छ, केटा धनी र राम्रो छ भनी प्रलोभन देखाएको खुल्न आएको ,

२. जाहेरवालालाई बिभिन्न किसिमको प्रलोभनमा पारी काठमाण्डौको ठमेलमा भेट्न बोलाई विवाह गर्ने चिनियाँ केटासँग भेट गराइदिएको र जाहेरवालालाई झुक्याई मिति २०८०/११/१० गते (सन् 22 FEB 2024) Visit Visa मा चिनमा पुर्याएको खुल्न आएको,

३. प्रतिवादीले जाहेरवालालाई चिनमा पुर्याई ने.रु. १,५०,०००।- (एक लाख पचास हजार) मा चिनियाँ नागरिकलाई बेचबिखन गरेपश्चात नेपाल फर्किएको खुल्न आएको ,

४. जाहेरवालालाई चिनियाँ नागरिकले घरमै बन्धक बनाई शारिरीक तथा मानसिक यातना दिई पटक पटक यौन शोषण गरेको खुल्न आएको,

५. जाहेरवाला चिनस्थित नेपाली राजदुतावासको समन्वयमा मिति २०८१/०३/०९ गते (सन् 2024/06/23) चिनबाट नेपाल उद्दार भई आएको ,

६. पीडितको जाहेरी दरखास्तको आधारमा प्रतिवादी सुन्दरी राईलाई मिति २०८१।०३।११ गते पक्राउ गरी मानव वेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ७ (सात) को म्यादथप अनुमती लिई आवश्यक अनुसन्धान कार्य भई रहेको

७. यस घटनामा संलग्न चिनियाँ नागरिक तथा अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको ।

**मिति: २०८१/०३/१३ गते ।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np